Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74201
Research Article
ISSN: 3021-9035 Print

# माओवादी जनयुद्ध र आदिवासी जनजातिका मुद्दा

**रामबहादुर थापामगर**
*rambahadurkomail@gmail.com*

## लेखसार

माओवादी जनयुद्ध नेपाली राजनीतिको ऐतिहासिक सङ्घर्ष हो । यसको सुरुवात आदिवासी भूगोलबाट भयो । जनयुद्धको प्रारम्भमै रुकुम, रोल्पा, सिन्धुली, गोरखाजस्ता मगर आदिवासी जनजाति बाहुल्य जिल्लामा तीव्र हुँदै गयो । तनहुँ, स्याङ्जा, गुल्मी, अर्घाखाँची, पाल्पा, रुकुम पूर्वी/पश्चिम र रोल्पा आदिवासी मगरको ऐतिहासिक भूमी मगरात हो । जनयुद्ध घोषणाको समय आदिवासी जनजाति नेताहरू रामबहादुर थापा (बादल), लोकेन्द्र बिष्टमगर (अभ्यास) र देव गुरुङ (कान्छा बहादुर) केन्द्रीय समितिमा थिए । जनयुद्धमा आदिवासी जनजाति सहभागिता नेपाली राजनीतिको महत्त्वपूर्ण पाटो हो । जनयुद्धले सुरुदेखि नै आदिवासी जनजाति सवाललाई नेकपा (माओवादी) ले नीतिगत रूपमा सम्बोधन गर्‍यो । आदिवासी जनजातिको समानुपातिक समावेसिता र पहिचानको सवालमा स्वायत्त राज्यको अवधारणा र प्रयोग जनयुद्धको नीति बनायो । अन्तरिम संविधान (२०६३) अनुसार अन्तरिम व्यवस्थापिकामा माओवादीबाट आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व भयो । संविधानसभा (२०६४) मा आदिवासी जनजातिको प्रत्यक्ष, समानुपातिक दुवै निर्वाचन प्रणाली र मनोनितबाट जनसङ्ख्याको अनुपातमा पूर्ण समानुपातिक प्रतिनिधित्व भयो । संविधानसभा (२०६४) मा ६०१ मध्ये ३५.७% (२१५) आदिवासी जनजाति सभासदको पूर्ण समानुपातिक प्रतिनिधित्व थियो । हालको संसद र प्रदेशसभामा आदिवासी जनजातिको प्रतिनिधित्व ३०% प्रतिशत छ । संविधान (२०७२) अनुसार राज्यका विभिन्न अङ्गमा समावेशी समानुपातिक प्रतिनिधित्वको व्यवस्था र आदिवासी जनजाति पहिचान र सङ्घीयता, धर्म निरपेक्षता र समानुपातिक समावेशीता जनयुद्धको परिणाम हो ।

## शब्दकुञ्जी

प्रतिनिधित्व, विभेद, समावेशी समानुपातिक, उत्पीडन

## विषय प्रवेश

नेपालको राजनीतिक इतिहास अध्ययन गर्दा प्राचीन किरात कालपछि आदिवासी जनजातिलाई राज्यले सामाजिक,आर्थिक,राजनीतिक,धार्मिक,भाषिक,सांस्कृति विभेद गर्‍यो । राज्यले ऐन (मुलुकी ऐन,१९०३) बनाएर सानो र ठुलो जाति बनायो । असमानताको विरुद्ध नेपालमा भएका हरेक सङ्घर्ष, जनआन्दोलन र जनयुद्धमा अदिवासी जनजातिको महत्त्वपूर्ण योगदान र बलिदान छ । तर आन्दोलनको सफलतापछि राज्यसत्ताले आदिवासी जनजातिलाई योगदानको सट्टा उत्पीडन गर्‍यो । 'हाम्रो राजा हाम्रो देश, एउटै भाषा एउटै भेष' भन्ने पञ्चायती नारालाई बहुदल (नेपाल अधिराज्यको संविधान २०४७) ले पनि 'हिन्दु अधिराज्य' को व्यवस्था गरेर निरन्तरता दियो । आदिवासी जनजातिले खोजेको धार्मिक स्वतन्त्रता र मातृ–भाषाको शिक्षालाई अपहेलना गरियो । देवनागरी लिपिमा लेखिएको खस भाषालाई मात्रै सरकारी कामकाजको भाषा बनाउने कानुनी व्यवस्थाले भाषिक विभेद गर्‍यो । मातृभाषामा शिक्षा पाउने संवैधानिक हक कार्यान्वयनमा

नगर्दा संविधान र कानुन नै आदिवासीको विरुद्धमा भयो। नीति निर्माण र कार्यान्वयनका अङ्गहरूमा आदिवासी जनजातिको प्रतिनिधित्व शून्यसरह बनाइयो।

संविधान र कानुनका आधारमा राज्यले उत्पीडन गरेपछि आदिवासी जनजातिले धर्म निरपेक्षता, मातृभाषामा शिक्षा, समानुपातिक प्रतिनिधित्व र राज्य पुनरसंरचना–अन्तर्गत सङ्घीयता, स्वायत्तता, आत्मनिर्णयको अधिकार, प्राकृतिक स्रोतसाधनमा अग्राधिकारलगायतका माग राखी आन्दोलन गरे। तर सर्वोच्च अदालतले नै आदिवासी जनजातिको मातृभाषा सरकारी कामकाजको भाषा हुन नसक्ने फैसला गर्‍यो र सरकारले संविधानमा भएका आदिवासी जनजातिका अधिकारलाई लागु नगरेपछि आफ्नो हकअधिकारका लागि आदिवासी जनजाति जनयुद्धमा सामेल भए। तत्कालीन संसदवादी राजनैतिक पार्टीहरूले आदिवासी जनजातिले उठाएका मुद्दालाई साम्प्रदायिक र विखण्डनकारी देखे। तर नेकपा (माओवादी) ले आदिवासी जनजाति नीति र कार्यक्रम बनाएर आदिवासी जनजातिको सवाललाई राजनीतिकरण गर्‍यो। माओवादीले जनयुद्धद्वारा आदिवासी जनजातिको माग राजनीतिबाटै हल गर्ने प्रयास गर्‍यो। आदिवासी जनजातिलाई पार्टीको विभिन्न तहदेखि अन्तरिम व्यवस्थापिका र संविधानसभामा समानुपातिक प्रतिनिधित्व गरायो। राज्यको पुनरसंरचनाको सवालमा आदिवासी जनजातिको मुद्दालाई आत्मसात् गर्‍यो। जनयुद्धले आदिवासी जनजातिलाई उनिहरूको अधिकार, उनीहरू माथि भएको विभेद, शोषण, उत्पीडन, अपमान, अवसर र नीतिगत तहबाट बञ्चनाजस्ता विषयको ज्ञान जागरणको चेतना सञ्चार गर्दै आदिवासी जनजातिको सचेतनालाई ब्युँझायो।

यस लेखमा शान्त र निरीह अवस्थाका आदिवासी जनजातिहरू जनयुद्धजस्तो राज्य व्यवस्थाकै विरुद्धमा गरिएको युद्धमा किन लागे ? लाग्नु पर्ने कारण के थिए र आदिवासी जनजातिलाई सहभागी गराउने जनयुद्धको आदिवासी जनजाति नीति के थिए ? भन्ने अध्ययन गरिएको छ। यो लेखमा २०५२ देखि २०६२ सालसम्म सञ्चालित जनयुद्धको आदिवासी जनजाति सवाल र नीति तथा कार्यक्रमको अध्ययन गरिएको छ।

## *अध्ययन विधि*

यो अध्ययन गुणात्मक विधिअन्तर्गत विवरणात्मक र विश्लेषणात्मक पद्धतिमा आधारित छ। यो अध्ययनमा द्वितीय स्रोत प्रयोग गरिएको छ। अन्तरिम संविधान (२०६३), नेकपा (माओवादी) को विभिन्न दस्तावेज एवं प्रतिवेदनहरू, संविधानसभाको विभिन्न समितिका प्रतिवेदनहरू, निर्वाचन परिणाम पुस्तिकाहरू, मार्क्सवाद र माओवादसम्बन्धी लेख रचनाको साथै मार्क्सवादमा जातीय मुक्तिका विषयमा ले खिएका रचनाहरूको अध्ययन विशलेषण गरी लेख तयार गरिएको छ। अध्ययनको क्षेत्र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार सूचिकृत (६०) आदिवासी जनजाति समुदाय हुन्। जनयुद्धले आदिवासी जनजाति राजनीतिमा कस्तो परिवर्तन ल्यायो ? र राज्यको नीति तिर्माण गर्ने अङ्गमा कस्तो समावेशीता भयो ? अध्ययनका मुख्य प्रश्नहरू हुन्।

## *आदिवासी जनजाति माथिको विभेद र उत्पीडन*

प्राचीनकालमा ऐनकाननु र संविधान थिएन। राजामहाराजाले धर्मशास्त्रको आधारमा शासन चलाउथे। राजाको हुकुमलाई कानुन मानिन्थ्यो। राज्यको स्वरूप र चरित्र विस्तारपछि ऐनकानुन र संविधान बन्यो। नेपाली कानुनको मुख्य स्रोत हिन्दु धर्म ग्रन्थ हुँदा नियमकानुन सोही मुताविक बने। धर्म भाक्नु, सपथ खानु र तामातुलसी छोएर साक्षी बक्नु यसैको उदाहरण हो। खस (नेपाली) भाषाद्वारा निरन्तर भएको भाषिक विभेदले आदिवासी जनजाति बालबालिकाको शिक्षामा गहिरो असर पर्‍यो। यो विभेद विगत ५०० वर्षदेखि भइरहेको छ। सन् १५५९ मा द्रव्यशाहले गोरखाको मगर राज्य कब्जामा लिए। १८ औँ शताब्दीको मध्यदेखि आज २४० वर्षसम्म राज्यले एकल भाषा (खस),एकल संस्कार र धर्म(हिन्दु) को नीति लिई सरकारी कार्यालय र सबैतिर यसको प्रयोग गरियो। यसले आदिवासी जनजातिमाथि भाषिक, सांस्कृतिक र धार्मिक उत्पीडन गर्‍यो। पञ्चायती नारा, एक राजा, एक देश,

एक भाषा एकल भेष बन्यो । राणा शासनको १०४ वर्षे काल (१८४६–१९५१) मा आदिवासी जनजातिका सबै भाषाभाषिलाई प्रतिबन्ध लगाइयो (Hough, Thapamagar and Yonjan, (2009:147) ।

नेपाली समाजको सामाजिक संरचना बहुजातीय, बहुसांस्कृतिक पृष्ठभूमिका आधारमा नाता, कुटुम्ब, परिवार र आफ्नो गाउँमा सीमित छ। धर्म पनि बहुजातीय परम्परामा नै आधारित थियो । धेरै पछि मात्रै यसलाई हिन्दु वर्ण परम्परा र स्तरीकरणलाई ध्यानमा राखेर मान्ने संस्कार बढ्दै गयो । आजको नेपाली समाजमा विविध जातिको सम्मिश्रण भएको एक विशाल संरचना हो, जसमा विभिन्न जातजाति र उनीहरूको संस्कृति, विभिन्न वर्ण समूहहरू, हिन्दु, बौद्ध र प्रकृतिपूजक परम्पराको मिश्रित संस्कृति विद्यमान छन् (दाहाल,२०६८:२०) ।

आदिवासी जनजातिमाथिको ऐतिहासिक विभेद लामो छ। इतिहासले प्रमाणित गरेको छ, आर्य सम्प्रदायले मङ्गोल सम्प्रदायमाथि राजनीतिक उत्पीडन, आर्थिक शोषण, धार्मिक हस्तक्षेप, सांस्कृतिक प्रभुत्व र सामाजिक अन्याय गरेको छ। मङ्गोल जनजातिहरू यस्तो स्थितिबाट मुक्त हुन जुर्मुराइरहेका छन् । आदिवासी जनजातिले आफूमाथि उत्पीडन गर्ने विरुद्ध इतिहासका विभिन्न कालमा विद्रोह गरेका छन् (तामाङ,२०५४:७) । जनयुद्ध, आदिवासी जनजातिका आन्दोलन तथा सङ्घर्षको मुख्य सरोकारका विषय आदिवासी जनजाति माथिको उत्पीडन हो भन्ने तामाङको भनाई छ।

आदिवासी जनजातीय आधार भएका सङ्गठनहरूले केन्द्रमा त्यति ठुलो प्रभाव नपारे पनि स्थानीय तहमा ठुलो प्रभाव र महत्त्व राख्दथे। सन् १९९० तिर उनीहरूको माग जातीय र क्षेत्रीय पार्टीभन्दा बहुजातीय पार्टी हुनुपर्छ भन्ने थियो (Gellner,Praff. And Welpton, 2016, P. XXIX)। माओवादीको राजनीतिक, रणनीतिक र व्यावहारिक चतुरता र लचकताको फलस्वरूप जनजातीय, लैङ्गिक र क्षेत्रीय दृष्टिकोणबाट नेपाली समाजमा ऐतिहासिककालदेखि पाखा पारिएका समुदायलाई सङ्गठित गर्दै सशस्त्र सङ्घर्षमा अग्रसर गरायो । जनयुद्धको एक दशकको अवधिमा यी सवाललाई राष्ट्रिय राजनीतिमा स्थापित गर्न सफल भएकाले सताब्दीयौंदेखि दमित बनाइएको समुदायले आफ्नो हक – अधिकारका लागि पृथक् र सङ्गठित सङ्घर्ष गर्ने स्थिति बन्यो। यो सीमान्तकृत वर्गमा आएको साहसिक परिवर्तन हो । यो सवाललाई आत्मसात् गर्न अन्य राजनैतिक दलहरू पनि बाध्य भए । आदिवासी जनजाति, महिला र दलितका राजनीतिक सङ्गठनहरू अन्य पार्टीहरूले पनि बनाउन बाध्य भए । माओवादीको यो नीतिले अन्य दलमा लागेका आदिवासी जनजाति र दलित उत्पीडित समुदायलाई जागरुक बनायो र आफ्नो अधिकार खोज्ने बनायो (गौतम र मानन्धर,२०६४, P. xii) । अहिलेको परिवर्तन सामाजिक, आर्थिक र राजनीतिक रूपमा असमान रहेको राज्य प्रणाली अन्त गरी समावेशी लोकतन्त्रको लागि भएका जातीय र क्षेत्रीय आन्दोलनको उपजको रूपमा सङ्घीय व्यवस्था आएको हो (हाछेथु २०६८, पृ. १०२) । समावेशीता, धर्म निरपेक्षता, सङ्घीयता र समानतासहितको सामाजिक न्याय विना नेपाली प्रजातन्त्र बाँच्न सक्दैन। यद्यपि सबै पार्टीका नेताहरू एउटै मध्यम वर्गीय पृष्ठभूमीबाट आएका छन् । उनीहरू यो परिवर्तनलाई अगाल्नका लागि सहज र नरम देखिएका छन्। विगतमा पार्टीहरूले आदिवासी जनजाति समुदायलाई पार्टीमा होल्ड गरिरहन्थे। तर संसदको टिकट दिनेदेखि सत्तामा लैजाने समावेशीताका आधारहरूलाई इन्कार गर्थे । अहिले यो अवस्थामा नाटकीय ढङ्गले परिवर्तन आएको छ (Baral, 2011, P. 31-32) ।

जनयुद्धले ३५% जनसङ्ख्या भएको आदिवासी जनजाति समुदायमा अत्यधिक प्रभाव पर्‍यो। जनयुद्धमा सबैभन्दा बढी आदिवासी जनजातिकै सहभागिता, प्रभाव र बलिदान छ। माओवादीले आफ्नो नीति तथा कार्यक्रम मगर आदिवासी जनजाति समुदायबाटै लागु गर्ने अभ्यास गरेको थियो । ऋषिकेश शाह आफ्नो लेखको उपशीर्षक 'मगरात' मा लेख्छन्– 'नेपाल अधिराज्यका जन्मदाता राजा पृथ्वीनारायण शाहले उसैबेला आफूलाई मगरातका राजा घोषणा गरेका थिए। मगरात तेह्रौं शताब्दी अघि अस्तित्वमा आएको १२ ओटा ससाना राज्यको सङ्घ थियो, जसको सीमाना आजको मध्य नेपालको तनहुँदेखि रोल्पासम्म

फैलिएको थियो । १५ औँ शताब्दीतिर भारतमा मुस्लिम आक्रमणका कारण राजस्थानका राजपूत शासकहरू भागेर नेपालका आदिवासी बसोवास गर्ने पहाडी भूमिमा आएर राज्य खडा गरे । पछि ती राज्यलाई गाभेर पृथ्वीनारायण र उनका उत्तराधिकारीले आधुनिक नेपालको निर्माण गरे । देशको कुल जनसङ्ख्याको ३५ प्रतिशत जनसङ्ख्या भएको आदिवासी जनजाति नेपालको आदिम आदिवासी जनजाति हो । अहिले यही मगरातले जनयुद्धको प्रहार झेल्नु परिरहेको छ' (शाह,२०६४, पृ. २१) । परम्परागत भूमि र सङ्गठन भएका आदिवासी जनजातिलाई आफ्नो भूमि, राज्यव्यवस्था, पहिचान र आत्मसम्मान फर्काइदिने जनयुद्धको नीति र कार्यक्रमले उनीहरू जनयुद्धमा होमिए।

## *माओवादी जनयुद्धको पृष्ठभूमि*

जनयुद्ध सुरु गर्नु अगाडि तत्कालीन प्रधानमन्त्री शेरबाहादुर देउवालाई संयुक्त जनमोर्चाका संयोजक डा. बाबुराम भट्टराईले चालिस बुँदे माग पत्र पेस गरेका थिए (बुढामगर, २०८०, पृ. ३३५) । २०५२ माघ २२ गते माग सम्बोधन नगरिए जनयुद्ध गर्ने चेतावनीसहित दिएको एक हप्ते समयसीमा नवित्दै फाल्गुन १ गते माओवादीले जनयुद्ध सुरु गऱ्यो। माओवादीको वैधानिक मोर्चा संयुक्त जनमोर्चाको ४० सूत्रीय माग पत्रको ऐतिहासिक महत्त्व छ। जनयुद्धको सुरुवातदेखि नै माओवादीले आदिवासी जनजातिका मुद्दा सम्बोधन गर्ने नीति बनाएर जातीय मुक्तिको प्रश्न जातीय मुक्तिमोर्चाहरूमार्फत उठायो। माग पत्रमा राष्ट्र, राष्ट्रियता र जनजीविकाको साथै आदिवासी जनजाति पक्षका महत्त्वपूर्ण मुद्दा थिए । चालिस बुँदे मागपत्रका प्रमुख मुद्दाहरू २०६२/०६३ को जनआन्दोलन–२ को उद्देश्यसँग समानता छ। जन आन्दोलन–२ को मुख्य उद्देश्य गणतन्त्र स्थापना, द्वन्द्व रूपान्तरण र समावेशी लोकतन्त्र स्थापनाको लागि राज्यको पुनरसंरचना थियो। राज्य पुनरसंरचनाभित्र आदिवासी जनजातिका धेरै मुद्दा छन्। राज्य पुनरसंरचनाको मुख्य कारण राज्यको आधारभूत चरित्र फेर्नु थियो । राज्यको आधारभूत चरित्र, जस्तै– राजतन्त्रात्मक मुलुक, हिन्दु अधिराज्य, एकात्मक सरकार, केन्द्रीकृत शासन व्यवस्था, खस नेपाली मात्र राष्ट्र भाषा, पहाडि हिन्दु उच्च जातको बाहुल्य–असमावेशीता थियो। नयाँ नेपाली राज्यका विशेषताहरू गणतन्त्र, धर्म निरपेक्षता, सङ्घीयता, भाषिक समानता, सामाजिक विविधताको राजनीतिक व्यवस्थापन, समावेशी लोकतन्त्र, समानुपातिक प्रतिनिधित्व र विकेन्द्रीकृत शासन प्रणाली (हाछेथु २०६८, पृ. १–२) हुन्। यी मुद्दाहरू आदिवासी जनजातिका प्रमुख माग हुन्। ज्ञापनपत्रको खण्ड (ख) को जनतन्त्र शीर्षकमा आदिवासी जनजातिसँग सम्बन्धित विषयहरू–

क. नेपाललाई धर्मनिरपेक्ष राज्य (Secularist Nation/ State) घोषित गरिनुपर्छ।

ख. सबै किसिमका जातीय शोषण उत्पीडनको अन्त्य र जनजाति बाहुल्य क्षेत्रमा जातीय स्वायत्त शासनको व्यवस्था गरिनुपर्छ,

ग. सबै भाषाभाषीलाई समान अवसर र सुविधा दिनुपर्छ। उच्च माध्यामिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने अवसर मिलाइनु पर्छ।

यी बुँदाहरू आदिवासी जनजातिका सवालसँग सम्बन्धित छन्। नेपाललाई धर्मनिरपेक्ष राज्य बनाउनुपर्दछ भन्ने आदिवासी जनजाति आन्दोलनको महत्त्वपूर्ण माग थियो। भाषिक, जातीय र सांस्कृतिक शोषण र उत्पीडर्न २० औँ बुँदामा उल्लेख छ। आदिवासी जनजातिका सवाल, जातीय स्वायत्तता पनि उल्लेख छ। सबै भाषाभाषीलाई समान अवसर र सुविधा दिनुपर्छ तथा उच्च माध्यामिक तहसम्म मातृभाषामा शिक्षाको अवसर दिनुपर्छ भन्ने २२ औँ बुँदा आदिवासी जनजातिको भाषा र शिक्षासँग सम्बन्धि छ। यी मागका आधारमा माओवादीले जनयुद्धको सुरूवातदेखि नै आदिवासी जनजातिलाई राज्यको मूल प्रवाहमा ल्याउने नीति निर्माणमा चासो राखेको बुझिन्छ । मातृभाषामा शिक्षा, जातीय स्वायत्तता, आदिवासी जनजातिको भाषा सरकारी कामकाजी भाषाको रूपमा विकास गर्नेलगायत आदिवासी जनजाति आन्दोलनको माग थियो । यी मुद्दा माओवादीले राजनीतिक रूपमा उठाएर नीतिगत रूपमै स्पष्ट पारेकाले जनयुद्धप्रति आदिवासी जनजातिको सुरुदेखि नै सहभागिता रह्यो। ४० बुँदे माग पत्रमार्फत आदिवासी

जनजातिका मुद्दालाई राजनैतिक पार्टीले राजनीतिकरण गरेको यो पहिलो दृष्टान्त पनि हो।

## *माओवादी जनयुद्धको सैद्धान्तिक अवधारणा*

जनयुद्धमा आदिवासी जनजातिको सहभागिता छिमेकी चीनीया क्रान्ति र भारतको प्रभाव छ। भारतका आदिवासी र माओवादीको सन्दर्भमा लेखिका अरुन्धती रोयका अनुसार तेन्दु, बाँस र वनस्पतिमा मौसमी राजनीति चल्ने गर्थ्यो। जनताको स्थायी टाउको दुखाइको विषय सबैभन्दा ठुलो जमिनदार अर्थात वन विभाग थियो। वन विभागका कर्मचारीको नजरमा उनीहरू (आदिवासी जनजाति) गैरकानुनी मान्छे थिए। गैरकानुनी गतिविधिमा संलग्न थिए। महिलाको यौन शोषण त उनीहरूको भत्ताझैं थियो (रोय,२०६८, पृ. ३१)। मार्क्सवादी लेनिनवादीहरू जातीय सवाललाई छुट्टै सवाल मान्दैनन्, वर्गीय मुक्तिले मात्रै जातीय मुक्ति हुने ठान्दछन्। जातीय सवाललाई क्रान्तिको एउटा समस्या वर्गीय मुक्तिको हिस्सा मान्दछन्। क्रान्तिका विभिन्न चरणहरूमा सर्वहारा वर्गको राजनीतिक पार्टी सामु जातीय सवाल सम्बन्धमा भिन्नाभिन्नै कार्यभार रहेका हुन्छन्। साम्राज्यवादको समयमा जातीय सवाल सर्वाहारा क्रान्ति र सर्वहारा वर्गको अधिनायक तन्त्रको समान्य सवालको हिस्सा रहन्छ। जातीय समानता र पूर्ण मुक्ति हासिल गर्न राज्यसत्ताद्वारा थिचिएका आदिवासी जनजातिले राष्ट्रिय जनवादी क्रान्तिलाई दृढतापूर्वक सम्पन्न गर्नुपर्छ। साम्राज्यवादीको जातीय उत्पीडन खत्तम गर्नुपर्छ र तीनका चाकरको तखता पल्टाउनुपर्दछ र समाजवादी क्रान्तिलाई अघि बढाएर सारा शोषक वर्ग र व्यवस्थालाई ध्वस्त पार्नुपर्दछ (ल्यू चुन, २०४९, पृ. ६-७)।

कम्युनिस्टहरूले जनतालाई भन्दै र देखाउदै आएको साम्यवादका बारेमा राहुल सांकृत्ययान भन्छन्-पूँजीवादका धेरै नकारात्मक या दुष्परिणाम छन्। पुँजीवादको नराम्रो पक्ष धेरै जनताले गरिबीमा बाँच्नुपर्दछ। समाजमा हामी देख्छौँ कि जुन विद्यार्थीको प्रतिभा बेजोड र तीक्ष्ण छ; ऊ गणितज्ञ, वैज्ञानिक, कलाकार आदि बन्न सक्छ; उसको प्रतिभा छ; तर उसको बाआमासँग उसलाई खर्च गर्न सक्ने धन हुँदैन। तर धनीका छोराछोरीलाई पढाउनको लागि बाआमाले लाखौँ रूपैयाँ खर्च गर्छन्। यस्ता उदाहरणले पुँजीवादमा कसैले विना प्रतिभा लाखौँ पुँजी फ्याँकिरहेको र कसैको प्रतिभाले पुँजीको अभावमा फैलिने मौका नै नपाएर भौतारी रहनुपर्छ। समाजमा हुने यस्तै असमानताको कारण साम्यवादको जन्म भएको (सांकृत्यायन, सन्१९९३, पृ. २०) हो। आदिवासी जनजाति समुदायमा पुँजीवादमा जस्तो दुःख पर्नेलाई हेरी रहने हुँदैन उनीहरूलाई सकेको सहयोग समुदायले गर्छ। साम्यवादमा पनि पुँजी हुने र नहुने सबैको वर्ग एकै हुने भएकाले सांकृत्यायनले जनताका लागि पुँजीवाद होइन साम्यवाद नै चाहिने उल्लेख गरेका छन्।

माओवादीका संस्थापक नेता र वरिष्ठ राजनीतिज्ञ मोहन वैद्य किरणले बताएअनुसार उत्पादनको विकास, सामाजिक श्रम विभाजन, व्यक्तिगत सम्पत्तिको उदय र वर्ग सङ्घर्षको विकासको प्रक्रियासँगै दर्शनको जन्म भएको हो। दर्शनको ऐतिहासिक विकास प्रक्रियाको अध्ययन दर्शनको इतिहाससँग सम्बन्धित छ। दर्शनको इतिहासमा भौतिकवाद र आदर्शवाद र द्वन्द्ववाद र अभिभूतवादसहित विभिन्न धारा तथा पन्थहरूको बिचको सङ्घर्ष, दर्शनको विकाश र वर्ग सङ्घर्षमा व्यवस्थित अध्ययन गरिन्छ। दर्शनको इतिहास अध्ययनले दर्शनको विकाश प्रकृयाको नियम सङ्गतिको विषय बुझ्न आवश्यक मद्दत पुग्छ (वैद्य, २०६८, पृ. १९)।

मार्क्सवादी दर्शन सर्वहारा वर्गको विश्व दृष्टिकोण हो। यसलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद भनिन्छ। यस दर्शनको जन्म दर्शनशास्त्रको इतिहासको लामो विकास प्रकृयाका बिचबाट भएको हो। वैद्यका अनुसार मार्क्स र एङ्गेल्स सर्वहारावादी दर्शनका प्रणेता हुन्। पूँजीवादी समाजमा पूँजीपति र सर्वहारा वर्ग बिचको वर्ग सङ्घर्षको अवस्था, प्रकृति विज्ञानका नयाँ खोजहरू र जर्मन शास्त्रीय दर्शन, इङ्लेण्डको राजनीतिक अर्थशास्त्र, फ्रान्सको समाजवाद, द्वन्द्वात्मक भौतिकवाद र मार्क्सवाद जन्मको भौतिक तथा सैद्धान्तिक आधार हुन्। पूँजीवादी दर्शनमा कान्टदेखि हेगेल र फायवाखसम्म आइपुग्दा दर्शनमा जुन समस्या पैदा भए, मार्क्स र एङ्गेल्सले समाधान

गरे । मार्क्सवादी दर्शनको नाम द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद हो। मार्क्सवाद सर्वहाराको समग्र विचारधारा हो । राजनीतिक अर्थशास्त्र, दर्शन र समाजवाद मिलेर मार्क्सवाद बन्दछ।

मार्क्सवादी विचारधारा दर्शन, विचार र सिद्धान्तसँग अन्तरसम्बन्धित विषय हो। यो गहन र वृहद् विषय हो। कार्लमार्क्स (सन् १८१८–१८८३) र फ्रेड्रिक एङ्गेल्स (सन् १८२०–१८९५) मार्क्सवादी दर्शनका प्रणेता हुन्। सन्१८४७ नोभेम्वरमा लण्डनमा सम्पन्न कम्युनिस्ट लिगको दोस्रो कंग्रेसले मार्क्स र एङ्गेल्सलाई कम्युनिस्ट घोषणा पत्रको मस्यौदा तयार पार्ने जिम्मेवारी सुम्पियो । सन् १८४८ फेवुअरी २१ का दिन मार्क्स र एङ्गेल्सले लण्डनबाट कम्युनिस्ट घोषणापत्र जारी गरे। त्यसपछि विश्व सर्वाहारा वर्गले आफ्नो मुक्तिको सिद्धान्त र पथप्रदर्शक सिद्धान्त प्राप्त गऱ्यो। मार्क्सवाद वैज्ञानिक दर्शन, राजनैतिक अर्थशास्त्रीय सिद्धान्त र क्रान्तिकारी समाज विज्ञान हो। यसले जीवन र जगतलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणका आधारमा हेर्ने, बुभ्mने, व्याख्या गर्ने र संसार परिवर्तनका निमित्त सर्वाहारा वर्गलाई परिवर्तनको बाटो देखाउँदछ। मार्क्सवाद सर्वाहारा क्रान्तिको विज्ञान हो। पुँजीवादको विकाशको प्रारम्भिक अवस्थामा विकसित भएको क्रान्तिकारी सिद्धान्त हो (केसी, २०७९, पृ. २१)।

## *जनयुद्धको आदिवासी जनजाति नीति तथा कार्यक्रम*

सामन्तवादी उत्पादन प्रणाली धर्म, परम्परा, कुलगोत्र आदिको आडमा असमानता र एकाधिकार स्थापित भयो। यस्तो संरचनासँगको द्वन्द्वमा ईसाको सोह्रौँदेखि अठारौँ शताब्दीमा भएको सामन्तवाद विरोधी र पुँजीवादी भ्रूण बोकेका राजनीतिक शक्तिले प्रजातन्त्रको प्रारम्भिक जग बसाले। नागरिक अधिकारको स्थापना यिनै क्रान्तिद्धारा स्थापित भयो। यद्यपि भोट हाल्नेलगायत निजी सम्पत्ति कमाउन सक्नेजस्ता अधिकारबाट दास, महिला र अन्य समूहहरू लामो कालसम्म बञ्चित रहे। नेपालमा पनि सामन्तवादी उत्पादन प्रणाली भएको र यस्तो उत्पादन प्रणालीमा सामन्तवादी शासकहरूले गरिब र उत्पिडित आदिवासी जनजातिलाई उत्पीडन गर्ने शासन व्यवस्था भत्काउनुपर्छ भनेर माओवादीले आदिवासी जनजातिलाई जनयुद्धमा सामेल गरायो।

माओवादीले क्रान्तिकारी जनपरिषद्मा पार्टीका साथै सेना, जनवर्गीय सङ्गठन र जातीय, क्षेत्रीय स्वायत्त क्षेत्रको प्रतिनिधित्व हुने व्यवसथा गऱ्यो । परिषद् निर्माणपछि विभिन्न विभाग गठन गरी कार्यक्रम अगाडि बढायो । यो चरणमा आइपुग्दा जनयुद्धको विकाससँगै २०६० सालसम्ममा नौओटा जातीय, क्षेत्रीय स्वायत्त क्षेत्र निर्माण गऱ्यो। ती क्षेत्र सेती–महाकाली, भेरी–कर्णाली, थारूवान, मगरात, नेवाः, तामसालिङ, तमुवान, मधेश स्वायत्त प्रदेश र किरात स्वायत्त प्रदेश हुन् । किरात स्वायत्त प्रदेशअन्तर्गत लिम्बुवान र खम्बुवान पर्दथे। ती प्रदेशमा जिल्ला, गाउँ र वडा स्तरका जनसत्ता सञ्चालित हुँदै गए (ऐतिहासिक दस्तावेज २०६१, पृ.४)। स्वायत्त प्रदेश निर्माण गर्दा नेकपा (माओवादी) ले आदिवासी जनजातिको जातीय स्वायत्ततालाई नीतिमा ढालेर कार्यान्वयन गऱ्यो। ९ ओटा स्वायत्त प्रदेशमध्ये ६ ओटा आदिवासी जनजाति पहिचानका आधारमा निर्माण गरे। स्वायत्त प्रदेशलाई जनसत्ताका रूपमा लिइएको छ। जनसत्ताको वैचारिक तथा राजनीतिक पक्षबारे लेखिएको छ– नेपालको ठोस स्थितिमा यहाँको जनवादी सत्ता उत्पीडित जाति र क्षेत्रको आत्मनिर्णयको अधिकारसहित स्वायत्त सासन व्यवस्था हो, जहाँ अपहेलित महिला र दलित समुदायलाई राज्यसत्तामा विशेषाधिकार हुन्छ। प्रतिवेदनको भावनाअनुसार माओवादीले आदिवासी जनजातिले खोजेको जातीय स्वयत्तता र आत्मनिर्णयको अधिकार सम्बोधन गर्दै क्षतिपूर्ति र विशेषाधिकार पनि महिला र दलितको हकमा कार्यन्वयन गर्ने उल्लेख गरेको छ। माओवादीले २०६४ को संविधानसभा निर्वाचनको घोषणा र प्रतिबद्धतापत्रमा यी स्वायत्त प्रदेशको रङ्गीन चित्र प्रकाशन गरेर जनसमक्ष ल्याएको थियो।

माओवादीले जनसत्ता गठनपछि त्यसको अनुगमन र मूल्याङ्कन पनि गऱ्यो। जनसत्ताको स्थिति, उपलब्धि,

समस्या, सम्भावना, जनसत्ताका अङ्ग, जनसत्ता कस्तो सत्ता हो ? भन्ने चासो व्यक्त गर्नेका लागि जनसत्ता जनप्रतिनिधिको संस्था भएको पुष्टि गरेको थियो । जनसत्तालाई राज्य प्रणालीकै मुख्य अङ्ग मानिएको छ, जसमध्ये तहगत हिसाबले केन्द्रमा संयुक्त क्रान्तिकारी जनपरिषद्, क्षेत्रीय तहमा जातीय र स्वायत्त प्रदेश, सोको मातहतमा स्वायत्त जिल्ला र सोभन्दा तलको इकाइमा स्वायत्त गाउँ तथा नगर पर्ने (ऐतिहासिक दस्तावेज, २०६१, पृ. २०) उल्लेख गरे ।

स्वायत्तक्षेत्र वा प्रदेशको अनुगमन कार्यको समीक्षा गर्दै यस्तो शासन प्रणालीलाई २१ औं शताब्दीमा जनवादको विकास भनिएको छ। यो शासनसत्ता नै नेपाली जनता र नेपालका आदिवासी जनजाति र उत्पीडित जाति र क्षेत्रले चाहेको हो । जनयुद्ध कालमै केन्द्रीय रूपमा संयुक्त क्रान्तिकारी जनपरिषद् र जातीय क्षेत्रीय विकास, स्वशासन र आत्मनिणर्यको अधिकार सुनिश्चित गर्ने अवधारणालाई आत्मसात् गर्ने स्वायत्त प्रदेश गठन भएर सञ्चालन भए। यी सत्ता कुनै प्रचारात्मक, कुनै हस्तक्षेपकारी र कुनै व्यावहारिक अभ्यासमा रहेको सुदृढमध्ये पर्ने उल्लेख छ (ऐतिहासिक दस्तावेज,२०६१, पृ. २६) । युद्धकालमा आदिवासी जनजातिको आत्मनिर्णयको अधिकारसहित जातीय स्वायत्त शासन सैद्धान्तिक मात्रै होइन, व्यवहारिक प्रयोगबाटै अगडि बढाएको थियो ।

जनसत्ता सुदृढीकरण प्रतिवेदनमा जनसत्ता सञ्चालन विधि, नीति र उपलब्धि उल्लेख छ। जनसत्ताको शिक्षा, संस्कृति आदि क्षेत्रमा के कस्तो दृष्टिकोण थियो भन्ने प्रतिवेदनमा छ । आधार इलाकामा नयाँ जनवादी शिक्षा मातृभाषामा, पुरानो सत्ताद्वारा सञ्चालित स्कुलमा हस्तक्षेप र सहरी इलाकाका स्कुलमा शुल्कवृद्धि विरूद्ध हस्तक्षेप गर्न सफल भएको (ऐतिहासिक दस्तावेज, २०६१, पृ.२६) उल्लेख छ। निर्देशिका अनुसार मालेमावाद र प्रचण्डपथको मार्गदर्शक सिद्धान्तलाई दह्रोसँग बुझ्ेर लागु र विकास गर्ने, सामन्तवाद साम्राज्यवादको विरोधमा जनवादी र राष्ट्रिय मुक्तिका साथ न्यायपूर्ण आन्दोलनको समर्थन गर्ने, सबै खाले हैकमवादी र दब्बु संस्कृतिविरूद्ध वैचारिक सङ्घर्ष उचाल्ने, सांस्कृतिक उत्पीडन गर्नेमाथि सामाजिक दण्डको व्यवस्था गर्ने, जनताको जनवादी अधिनायकत्व ग्यारेन्टीका लागि सङ्गठित हुने र विद्रोह गर्ने अधिकारको मान्यतालाई जनतासम्मै स्थापित गर्ने नीति जनसत्ता निर्देशिकाले व्यवस्था गरेको थियो। आदिवासी जनजाति सांस्कृतिक रूपले अपहेलित र उत्पीडित हुँदै आएका हुन्। पुरानो राज्यसत्ताले उनीहरूको सांस्कृतिक मूल्य दबाएर राखेकोले माआवोवादीको नीतिले आदिवासी जनजाति सांस्कृतिक मूल्यलाई स्वतन्त्रता दिने भनिएकाले जनयुद्धमा विस्तार भयो । आदिवासी जनजातिका भाषाले उपेक्षा खेपिरहेको अवस्थामा माआवोवादीको जनशिक्षा नीतिमा मातभृाषामा पढाउन जोड दिने पनि दस्तावेजमा उल्लेख छ। जनसंस्कृतिअन्तर्गत आदिवासी जनजातिका लोपोन्मुख तर वैज्ञानिक खालका भाषा, संस्कृति र संस्कारको उत्थान र विकास गरी संस्थागत गराउने नीति छ। आधार इलाकामा सांस्कृतिक प्रतिष्ठान स्थापना गरी सम्भावित ठाउँमा सांस्कृतिक नमुना गाउँ निमार्णमा जोड दिने (ऐतिहासिक दस्तावेज, २०६१, पृ. ४१) नीति आदिवासी जनजातिलाई जनयुद्धमा लाग्न प्रेरित गर्ने मुख्य कारण थियो ।

## माओवादी र एक्काइसौँ शताब्दीको जनवाद

नेकपा (माओवादी) को २०४८ मङ्सिरमा सम्पन्न छैटौँ/एकताको महाधिवेशनमा महामन्त्री प्रचण्डद्वारा प्रस्तुत र पारित राजनीतिक प्रतिवेदनमा अल्पसङ्ख्यक, जनजाति र दलित जातिका बिचमा काम भन्ने शीर्षकमा उल्लेख भएअनुसार ‘आज देशमा एकातिर जातीय आन्दोलनको विकास हुँदै गइरहेको र अर्कोतिर त्यसमा पार्टीको प्रभाव धेरै कम छ। नेपाल बहुजातीय, बहुभाषिक र बहुधार्मिक देश हो। नेपालको शासक जाति र वर्गबाट उनीहरूमाथि जातीय, राजनीतिक र आर्थिक उत्पीडन भइरहेको उल्लेख छ ।’ जनयुद्धबाट जातीय र वर्गीय असमानता अन्तका लागि युद्धको अपरिहार्यता माओवादीको नीतिमा उल्लेख भएपछि धेरै उत्पीडित सामाजिक समूहहरू जनयुद्धमा सामेल भए। पार्टीले जातीय आधारमा सङ्गठनात्मक संरचना स्थापना गरी २०५७ देखि जातीय, क्षेत्रीय स्वायत्त राज्यहरू निर्माण गरी समानान्तर सरकारको अभ्यास गऱ्यो ।

जातीय समस्याका प्रकृति बेग्लाबेग्लै भए पनि यसको मूल समस्या वर्गीय हो। शोषक जाति र वर्ग विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न नभएसम्म जातीय समस्याको समाधान असम्भव भन्दै जातीय समस्या पनि राष्ट्रियता, जनतन्त्र र जनजीविकाकै समस्या भएको ठहर गरी पार्टीले तत्काल जातीय आन्दोलनको विकासका लागि ध्यान दिनुपर्ने, खस (नेपाली) भाषालाई मात्रै सम्पर्क भाषाको मान्यता दिन नहुने र त्यो अधिकार अन्य भाषाले पनि पाउनुपर्ने, धर्मसापेक्षताको अन्त र धर्म निरपेक्षता घोषणा गरिनुपर्ने, शासक जाति र वर्गबाट उनीहरूमाथि भइरहेका सबै प्रकारका शोषणको अन्त्य हुनुपर्ने र हरेक जनजातिभित्र शोषक वर्गको अस्तित्व पनि विशेषतः यहाँ बाहुन, क्षेत्री र नेवार जातिका अल्पसङ्ख्यक उच्च तप्काका भएको कुरा चारओटा बुँदाहरूमा व्यवस्था गरेको थियो । जातीय शोषणको रूप आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा भएकाले जातीय समस्या मूलतः वर्गीय समस्या भएको उल्लेख छ (बस्नेत, २०६९, पृ. २१५)। २०५१ सालको प्रथम राष्ट्रिय सम्मेलनसम्म आइपुग्दा देवप्रसाद गुरुङद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ—

अहिलेसम्मका जातीय आन्दोलनहरूको ऐतिहासिक अनुभवले के स्पष्ट पारेको छ भने जातीय मुक्ति आन्दोलनको सम्बन्ध वर्गीय मुक्ति आन्दोलन अथवा वर्गीय सत्तासँग अन्तरसम्बधित हुन्छ । अर्धसामन्ती, अर्धऔपनिवेशिक वा औपनिवेशिक मुलुकहरूमा चल्ने जातीय आन्दोलन पनि स्वाभाविक रूपले सर्वहारा वर्गको नेतृत्वमा हुने नयाँ जनवादी आन्दोलन जोडिएको हुन्छ र नयाँ जनवादी आन्दोलनभन्दा अलग जातीय मुक्ति आन्दोलन हुन सक्दैन (बस्नेत, २०६९, पृ. ३१७–३२१)।

माओवादीको हेटौँडा (२०६९) मा सम्पन्न सातौँ महाधिवेशनले नेपालका आर्य खस शासक जातिद्वारा उत्पीडित सबै जाति र क्षेत्रको आत्मनिर्णयको अधिकार स्वीकार गर्दै जातीय पहिचानका आधारमा सङ्घीय राज्य निर्माण गरिनुपर्ने र प्रत्येक राज्यमा निश्चित अवधिका लागि उत्पीडित जातिहरूको अग्राधिकारको व्यवस्था गऱ्यो (सातौँ राष्ट्रिय महाधिवेशनको राजनीतिक प्रतिवेदन, २०६९, पृ. ५०–५१)। नेपालका आदिवासी जनजातिको उत्पीडनको हल गर्न एनेकपा (माओवादी) ले जातीय उत्पीडनको अन्त्य वर्गीय मुक्तिबाट हुने कुरा ठोकुवा गरेको छ; तर नेपालको सन्दर्भमा राणाकालको मुलुकी ऐन, पञ्चायती व्यवस्था तथा २०४७ को संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्थामा समेत वर्गीय हिसाबले नभएर हिन्दु धर्म र सांस्कृतिक संरचनाले उत्पीडन गरेको छ।

२०६२।०६३ को जनआन्दोलनपछि तत्कालीन सरकार र माओवादीबिच विस्तृत शान्ति सम्झौता भएर अन्तरिम संविधान जारी र व्यवस्थापिका संसदको गठन भयो । अन्तरिम व्यवस्थापिकामा माओवादीले अन्तरिम व्यवस्थापिका संसदमा ८३ जनालाई पठायो। जसमा ४८ जना अर्थात् ५७.८९% आदिवासी जनजाति थिए। २०६९ माघमा हेटौँडामा सम्पन्न सातौँ महाधिवेशनले पुष्पकमल दाहालको नेतृत्वमा १५१ सदस्यीय केन्द्रीय समिति निर्माण गऱ्यो जसमा ८५ जना (५६.२%) खसआर्य, ४४ जना (२९.१%) आदिवासी जनजाति निर्वाचित भएका थिए। विराटनगर (२०७१) मा भएको सम्मेलनले १५० सदस्यीय केन्द्रीय समितिमा ८४ जना (५६.०%) खसआर्य, ४४ जना (२९.३% आदिवासी जनजातिलाई निर्वाचित गऱ्यो।

***तालिका १ः पहिचानको सन्दर्भमा माओवादीको अवधारणा***

| | |
|---|---|
| आत्मनिर्णयको अधिकार | आत्मनिर्णयको अधिकारको नीतिका आधारमा जातीय तथा क्षेत्रीय स्वायत्त शासनको कार्यक्रम नै सबभन्दा वैज्ञानिक र उपयुक्त हुन्छ (संविधानसभा निर्वाचन प्रतिबद्धता पत्र, २०६४, पृ. २५) |
| स्वशासन | अधिकार सम्पन्न मधेस स्वायत्त राज्य र उत्पीडित जातिहरू, अल्पसङ्ख्यक लोपोन्मुख जातिहरूका लागि विशेष संरक्षित क्षेत्र अथवा स्वायत्त संरचना निर्माण गरिनुपर्दछ। (सातौँ महाधिवेशन राजनीतिक प्रतिवेदन, २०६९, पृ. ५०) |
| अग्राधिकार | प्रत्येक राज्यमा निश्चित अवधिका लागि उत्पीडित जातिहरूको अग्राधिकार हुनुपर्दछ। (सातौँ महाधिवेशन राजनीतिक प्रतिवेदन, २०६९, पृ. ५१) |

आदिवासी जनजातिका सवालहरू आत्मनिर्णयको अधिकार, अग्राधिकार, स्वसासन र स्वायत्तताबारे संविधान सभाको ११ ओटा विषयगत समितिले तयार पारेको अवधारणापत्र र मस्यौदासम्बन्धी प्रतिवेदनहरू (२०६६) मा उल्लेख छ। संवैधानिक समितिले आफ्नो प्रस्तावनामा आत्मनिर्णयको अधिकारलाई, 'राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी जनताको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकार र अग्राधिकारलाई आत्मसात् गर्दै' वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र वर्ण व्यवस्थाजन्य जातपात र छुवाछुतलगायत सबै प्रकारका विभेदको अन्त्य गरेर आर्थिक समानता, सम्पन्नता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक मान्याताका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै; सामन्तवादका सबै खाले अवशेषको अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमद्वारा दिगो शान्ति, समृद्धि र विकासको आकाङ्क्षा पूरा गर्न संविधानसभामार्फत यो संविधान निर्माण गरी जारी भएको घोषणा गर्दछौँ' (संवैधानिक र अन्य समितिका अवधारणापत्र र प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदनहरू (२०६६) मा उल्लेख छ। नेपालको संविधान (२०७२) मा भएका आदिवासी जनजातिसम्बन्धी व्यवस्था संविधानसभाको प्रतिवेदनका आधारमा गरिएको हो। राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले 'देशमा विद्यमान वर्गीय, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक र सामुदायगत समस्या समाधान गर्न नेपालको एकात्मक र केन्द्रीकृत स्वरूप अन्त्य गर्दै नेपाललाई पूर्ण लोकतान्त्रिक समावेशीमा आधारित भएर समानुपातिक सङ्घीय गणतन्त्रात्मक शासन प्रणाली स्थापना गर्न अग्रगामी पुनर्संरचना गर्नुपर्ने भएकोले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक र भौतिक विकास गर्न संविधानले प्रदान गरेको आत्मनिर्णयको अधिकार र अधिकारसहितको पहिचानका पाँच आधार (जातीय/समुदायगत, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता र ऐतिहासिक निरन्तरता) र सामर्थ्यका ४ आधार (आर्थिक अन्तरसम्बन्ध र सामर्थ्य, पूर्वाधार विकासको अवस्था, सम्भावना, प्राकृतिक साधन, स्रोतको उपलब्धता र प्रशासनिक सुगमता) मा आधारित १४ ओटा स्वायत्त, स्वशासित र अधिकार सम्पन्न प्रदेश, स्थानीय तह र विशेष संरचना निर्माण गरी केन्द्रमा निहित शासन शक्तिलाई सङ्घ, प्रदेश, स्थानीय तह र विशेष संरचनासम्म बाँडफाँड गरी शान्तिपूर्ण, स्वाधीन, धर्मनिरपेक्ष, समानातमूलक र समृद्ध नेपालको निर्माण गर्नुपर्ने भएकाले सबै जाति, क्षेत्र र समुदायको राज्यको शक्ति परिचालन गर्ने अङ्गहरूमा समानुपातिक प्रतिनिधित्व र अधिकार पाउने व्यवस्था गर्न वाञ्छनीय भएकाले' भन्ने उल्लेख गरेको छ। समितिले १४ प्रदेश र २३स्वशासित क्षेत्र (१. कोचिला २. झागड/उराउ ३. धिमाल ४. मेचे ५. सन्थाल ६. लेप्चे ७. याक्खा ८. चेपाङ ९. दुरा १०. कुमाल ११. दनुवार १२. पहरी १३. थामी १४. माझी १५. बराम १६. थकाली १७. छन्त्याल १८. सुनुवार १९. दनुवार २०. सुरेल २१. जिरेल २२. हयाल्मु २३. व्यासी) प्रस्ताव गरेको थियो। बाबुराम भट्टराईले सङ्घीयताको आधार उत्पीडितहरूको पहिचान र अधिकार सन्दर्भमा 'उत्पीडित जनजातिको ऐतिहासिक, भाषिक, सांस्कृतिक पहिचान र अधिकार खोसिएको भएर नै सङ्घीयतामा जाने भनिएको हो। अलगअलग भाषा, जाति र क्षेत्र हुँदैनथ्यो भने त त्यहाँ सङ्घीयता भन्नै पर्दैनथ्यो। सङ्घीयता भनेको खोसिएको पहिचान र अधिकार दिने हो' (भट्टराई, २०७१, पृ. २७)।

***तालिका २: संविधानसभा राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रदेश निर्माणका आधारहरू***

| पहिचानका ५ आधार | सामर्थ्यका ४ आधार |
|---|---|
| जातीय/समुदायगत | आर्थिक अन्तरसम्बन्ध र सामर्थ्य |
| भाषिक | पूर्वाधार विकासको अवस्था र सम्भावना |
| सांस्कृतिक | प्राकृतिक साधन |
| भौगोलिक/क्षेत्रगत निरन्तरता | स्रोतको उपलब्धता र प्रशासनिक सुगमता |
| ऐतिहासिक निरन्तरता | |

***(स्रोत:संविधानसभा, राज्य पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदन, २०६६)***

'मूल संरचनाअन्तर्गत जातीय/समुदायका आधारमा बन्ने प्रदेशको हकमा राजनीतिक पार्टीहरूले निर्वाचनको समयमा र प्रादेशिक सरकार निर्माणका क्रममा सम्बन्धित प्रदेशमा बाहुल्य रहेको समुदायको सदस्यलाई मुख्य नेतृत्व तहमा प्राथमिकता दिनुपर्ने छ । तर यस्तो राजनीतिक अग्राधिकार दुई कार्यकालपछि स्वतः निष्क्रिय हुनेछ' भन्ने व्यवस्था थियो। विशेष संरचनाअन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रमा बाहुल्य रहेको जाति/समुदायको त्यस्तो स्वायत्त क्षेत्रको प्रमुख नेतृत्व तहमा राजनीतिक अग्राधिकार हुने, तर दुई कार्यकालपछि स्वतः निष्क्रिय हुने स्वायत्त क्षेत्रको प्रमुख नेतृत्व तहमा राजनीतिक अग्राधिकारको व्यवस्था गरिएको थियो।

***तालिका ३ः माओवादीले प्रस्ताव गरेको प्रदेश***

| संविधानसभामा माओवादीको प्रस्ताव | संविधानसभामा अन्यले गरेको प्रस्ताव |
|---|---|
| १.सेती–महाकाली २. भेरी–कर्णाली ३. मगरात ४. थारुवान ५. तमुवान ६. नेवाः ७. ताम्सालीङ ८. किरात, ९.लिम्बुवान १०. कोचिला ११. मधेस। | १.खप्तड २.कर्णाली ३.जडान ४.मगरात ५.लुम्बिनी–अवध–थारूहट ६. तमुवान ७. नारायणी ८. ताम्सालिङ ९. नेवाः १०. सुनकोसी ११. मिथिला–भोजपुरा–१२. कोच–मधेस १३. किरात १४. लिम्बुवान |

*(स्रोतःनेकपा (माओवादी) संविधानसभा प्रतिबद्धता-पत्र, २०६४; संविधानसभा प्रतिवेदन, २०६६)*

संविधान सभा निर्वाचन २०६४ को प्रतिबद्धतामा माओवादीले सेती–महाकाली, भेरी–कर्णाली, मगरात, थारुवान, तमुवान, नेवाः, ताम्सालीङ, किरात, लिम्बुवान, कोचिला र मधेस गरी ११ ओटा प्रदेशको प्रस्ताव गरेको थियो। यीमध्ये मधेस प्रदेशभित्र भाषिक आधारमा मिथिला, भोजपुरा र अवध उपराज्य निर्माण गर्ने प्रस्तावसमेत उल्लेख गरेको थियो (प्रतीत्रद्धता पत्र, २०६४:२६) । संविधानसभा राज्य पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिले खप्तड, कर्णाली, जडान, मगरात, लुम्बिनी–अवध–थारूहट, तमुवान, नारायणी, ताम्सालिङ, नेवाः, मिथिला–भोजपुरा, कोच–मधेस, किरात र लिम्बुवान (१४ ओटा) प्रदेश प्रस्ताव गरयो । प्रस्तावित प्रदेशहरू आदिवासी जनजातिले खोजेको जातीय क्षेत्रीय पहिचानमा आधारित थिए।

## *निष्कर्ष*

माओवादीको पार्टी संरचना समानुपातिक समावेशी थियो। जनयुद्धको सर्वोच्च मोर्चा जनमुक्ति सेनामा लैङ्गिक रूपमा महिलालाई ४०% प्रतिनिधित्व गराउने नीति थियो। जनमुक्ति सेनाको ७ ओटामध्ये ४ ओटा अर्थात ५७.१४% कमाण्डको नेतृत्व आदिवासी जनजातिको थियो। पार्टीको १३९ सदस्य भएको केन्द्रीय समितिमा उपाध्यक्ष र महासचिवसहित २८% (३९जना), ४५ सदस्यीय पोलिट व्यूरोमा २४.४४% (११ जना), १७ जनाको स्थायी समितिमा २९.४१% (५ जना) र ७ जनाको पदाधिकारीमा २८.५७% (२ जना) आदिवासी जनजातिको प्रतिनिधित्व थियो । त्यसैगरी ७७ सदस्यीय सल्लाहकार समितिमा २८.८७% (२३ जना) आदिवासी जनजातिको प्रतिनिधित्व थियो । समानुपातिक प्रतिनिधित्वले आदिवासी जनजातिलाई माओवादी पार्टीमा हाम्रो पनि प्रतिनिधित्व छ भन्ने परेको थियो ।

माओवादी जनयुद्धको जगमा समानुपातिक समावेशी राजनीतिक प्रतिनिधित्वको सवाललाई संस्थागत गर्ने काम शान्ति सम्झौता र त्यसपछि बनेको अन्तरिम संविधानबाट सुरु भयो। संविधानसभालाई समावेशी बनाउन अन्तरिम संविधान (२०६३) मा मिश्रित निर्वाचन प्रणाली अपनाइयो, जसबाट पहिलो र दोस्रो संविधानसभा क्रमशः (२०६४ र २०७० मा) आदिवासी जनजातिको जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व भयो । यस्तो प्रतिनिधित्व इतिहासमा कहिल्यै भएको थिएन। राजनीतिका पार्टीहरूले पार्टी सदस्यहरूमा समानुपातिक र समावेशीताको सुरक्षामा ध्यान दिँदै आएका छन्। २०६२/०६३ को आन्दोलनले धर्म निरपेक्षता, समावेशीता, राज्यको पुनरसंरचना र आदिवासी जनजातिका सबै भाषा र धर्मलाई राज्यले समान दर्जा दिनु जनयुद्धका महत्त्वपूर्ण उपलब्धिहरू हुन । राज्यका नीति

निर्माण र कार्यान्वयनमा समानुपातिक समामेशीताकै कारण आज प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीयसभामा आदिवासी जनजातिको ३०% प्रतिनिधित्व तथा आदिवासी जनजाति आयोगजस्तो संवैधानिक आयोगको व्यवस्था जनयुद्धकै परिणाम हो । यद्यपि आदिवासी जनजातिले खोजेको पूर्ण समानुपातिक र पहिचानको आधारमा स्वायत्त प्रदेश र संरक्षित क्षेत्रको व्यवस्था हुन सकेको छैन । यसलाई आगामी दिनमा सुनिश्चित गर्न आवश्यक छ ।

## *सन्दर्भ सामग्रीहरू*


अधिकारी, विश्वदीप. (२०६४). *नेपालका संविधान तथा ऐतिहासिक दस्तावेजहरू.* काठमाडौँ : मधुवन प्रकाशन प्रा.लि. ।

के.सी.हस्तवहादुर (२०७९). *जनविद्रोह र सिद्धान्त.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

गौतम, भाष्कर, पूर्ण बस्नेत र चिरण मानन्धर. (सन् २००७). *माओवादी विद्रोह सशस्त्र सङ्घर्षको अवधि.* काठमाडौँ : मार्टिन चौतारी ।

तामाङ, परशुराम(२०५४). *जनजाति र राष्ट्रवाद.* काठमाडौँ : जन साहित्य प्रकाशन केन्द ।

हाथेछु, कृष्ण (सं.) (२०६८). 'सामाजिक परिवर्तन र समावेशी लोकतन्त्र, नेपाली राज्यको नयाँ स्वरूप र चरित्र'. (पृ. ११– ४६) ललितपुर : नेपाल समसमायिक अध्ययन केन्द्र ।

नेकपा माओवादी (२०६१). *जनसत्ता सुदृढीकरण प्रतिवेदन.* काठमाडौँ : जनसत्ता सुदृढीकरण विभाग, मध्ये केन्द्रीय कमाण्ड ।

नेकपा माओवादी (२०६४). *प्रतिबद्धतापत्र संविधानसभा निर्वाचन २०६४.* काठमाडौंः नेकपा (माओवादी) केन्द्रीय समिति केन्द्रीय प्रचारप्रसार समिति ।

नेपाल सरकार (२०६३). *अन्तरिम संविधान.* काठमाडौँ : कानुन किताव व्यवस्था समिति ।

बस्नेत, टेकबहादुर (२०६९). *नेपाल कम्युनिस्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरू ग्रन्थ–१.* (सं. समर सिंह). काठमाडौँ : एनेकपा (माओवादी) मगरात राज्य सम्मेलन आयोजक समिति ।

बुढामगर, भोजविक्रम (२०७२). *मगर जातिको राजनीतिक इतिहास.* काठमाडौँ : मगर प्राज्ञिक समूह ।

बुढामगर, भोजविक्रम (२०८०). 'मगर पहिचानको राजनीतिमा नेपाली कम्युनिस्ट पार्टीको दृष्टिकोण' अप्रकाशित विद्यावारिधि शोधपत्र. त्रिभुवन विश्वविद्यालय ।

भट्टराई, बाबुराम (२०७१). *नयाँ शक्ति.* काठमाडौँ : फिल्को प्रकाशन प्रा.लि. ।

वैद्य, मोहन 'किरण' (२०६७). *मार्क्सवादी दर्शन.* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

रोय, अरुन्धती (२०६८). *माओवादी कमरेडहरूसँग.* (अनुवादक–अन्विका गिरि, विकास वस्नेत). (सम्पा.भोगिराज चाम्लीङ). काठमाडौँ : मूल्याङ्कन प्रकाशन ।

ल्यु, चुन (२०४९). *जातीय सवाल र वर्ग सङ्घर्ष.* (अनु. राजन योञ्जन). काठमाडौँ : जन साहित्य प्रकाशन केन्द्र, काठमाडौँ ।

संविधानसभा (२०६६). 'राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति' अवधारणापत्र र प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदन, २०६६ ।

सांकृत्यायन,राहुल (सन् १९९३). *साम्यवाद ही क्यों ?.* इलाहावाद : किताव महल ।

हाछेथु,कृष्ण (सं.) (२०६८). 'राजनीतिक परिवर्तन र संविधान निर्माण : नेपाली राज्यको नयाँ स्वरूप र चरित्र'. (पृ.६९–१०८). ललितपुर : नेपाल समसामयिक अध्ययान केन्द्र ।

शाह, ऋषकेश (२०६४). 'रोल्पाले दिएको सङ्केत : माओवादी विद्रोह शसस्त्र सङ्घर्षको अवधि'. (सं. भाष्कर गोतम, पूर्ण वस्नेत र चिरन मानन्धर). काठमाडौँ : मार्टिन चौतारी ।

Baral, L.R. (2011). 'Introduction: Democracy in Twilight Zone'. (p.1-40). *Constitutional Government and Democracy in South Asia.* ed.Lokraj Baral . NCCS, Lalitpur.

Gellner, D.N. (2016). 'Ethnicity and nationalism in the world's Only Hindu State'. *Nationalism and Ethnicity in Nepal:* David N. Gellner,Joanna Pfaff-Czarnecka and John Whelpton, eds., (Pp 3-31). Kathmandu: Vajra Books.

Hough, D. A., Thapamagar R. B. & Yonjan Tamang, A.Y. (2009). 'Priviling Indigenous Knowledge: Empowering MLE in Nepal'. (p,146–62). *Multilingual Education for Social Justice.* eds. Mohanty, Panda ,Phillipson & Kangas, Orient Black Swan, New Dehli.